# यातना पीडितको सहयोगार्थ अन्तराष्ट्रिय दिवशको अवसरमा (२६ जुन २०१९) जारी गरिएको प्रेस नोट

**काठमाडौ, २६ जुन २०१९ :** यातना पीडितहरुको सहयोगार्थ अन्तराष्ट्रिय दिवशको अवसरमा एड्भोकेसी फोरमले, नेपालमा सन २०१८ मा भएका यातनाहरुको तथ्यांक संकलन तथा विश्लेषण गरी प्रतिवेदन सार्वजनिक गरेको छ ।

विगत १९ बर्ष देखि एड्भोकेसी फोरमले नेपालका प्रहरी हिरासतहरुको अनुगमन गरी थुनुवाहरुलाई कानूनी सहायता प्रदान गर्दै आइरहेको छ । नेपालको संविधान २०७२ ले थुनुवाहरुको कानूनी सहायता प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको भएतापनि कानूनी तथा नीतिगत ढाँचाको अभावमा आर्थिक र राजनैतिक पहुँच हुने थुनुवाहरुले मात्रै कानूनी परामर्श र सहायता पाउने गरेका छन ।

गत बर्षको यातनाका घटनाहरुले नेपालमा यातनाको अवस्था घट्दो क्रममा छैन भन्ने प्रष्ट हुन्छ । विगतको प्रतिबेदनमा भन्दा यस बर्ष यातनाका घटनामा ५ प्रतिशतले बृद्धि भएकोले नेपालमा यातना अझै पनि गम्भिर समस्याको रुपमा रहेको देखिन्छ । सन २०१८ मा एड्भोकेसी फोरमले ११६५ जना थुनुवाहरुको अर्न्तवार्ता लिएको थियो ।

एड्भोकेसी फोरम नेपालले प्रहरी हिरासतहरुको भ्रमण गरी संकलन गरेको तथ्यांकबाट प्राप्त मुख्य निष्कर्शहरु निम्न बमोजिम छन् ।

- अर्न्तरवार्ता लिइएका मध्ये २२.२ प्रतिशत थुनुवाहरुले यातना दिइएको जानकारी गराएकोले सन् २०११ देखि २०१७ सम्म देखिएको यातनाको घट्दो क्रमको विपरित भएको ।
- अर्न्तवार्ता गरेको नावालकहरु मध्ये २३.५ प्रतिशतले यातना दिइएको जानकारी गराए ।
- कार्यविधिगत सुरक्षा व्यवस्थाको अनुपालनको अभावले लगातार असफलता र अप्रर्याप्तता देखिएको छ । जस्तै : थुनुवाहरुलाई पक्राउ गर्दा र छोड्दा दुवै पटक स्वास्थ्य जाँच गरिनु पर्ने प्रशासनिक व्यवस्था पालना भएको छैन ।
- हिरासत र बालसुधार गृहहरु अझै सुधार गर्नु पर्ने देखियो । बालसुधार गृहहरुमा क्षमताभन्दा लगभग दोब्बर बालबालिका राखेको पाइयो । जस्तौ : ११० जना क्षमता भएको भक्तपुरको बालसुधार गृहमा २०० जना बालबालिकाहरु राखेको पाइयो । जसले गर्दा बालबालिकाहरुलाई उमेर पुगेका थुनुवाहरुसंगै प्रहरी हिरासतमा थुनामा राख्नु पर्ने बाध्यता छ । यो गम्भिर समस्या हो ।

संविधानले प्रदान गरेको कानूनी सहायता पाउने हक, निर्दोषिताको अनुमानको हक र आफ्नो विरुद्ध आफैलाई साक्षी बस्न कर नलाग्ने हक कुनै पनि अपराधमा आरोपित व्यक्तिको स्वस्च्छ सुनुवाई सुनिश्चित गर्न महत्वपूर्ण हुन्छ । यी सुरक्षा व्यवस्थाहरुले स्वच्छ सुनुवाई सुनिश्चित गर्ने मात्र नभई प्रहरी हिरासतमा हुने यातना तथा दुर्व्यवहार पनि रोकथाम गर्दछ भन्ने कुरा एड्भोकेसी फोरमले झण्डै विगत दुइ दशक देखि वकालत गर्दै आइरहेको छ ।

उचित सवैधानिक र कार्यविधिगत सुरक्षा व्यवस्थाहरुको कार्यान्वयन होस भन्ने एड्भोकेसी फोरमको पहिलो प्राथमिकता हो । तर हाल सरकारको मानवअधिकार प्रतिको दृष्टिकोण संसदमा पेश भएका विभिन्न विधेयकहरुले थुनुवाहरुको सुरक्षा व्यवस्थाहरुलाई धरापमा पार्ने चिन्ता रहेको छ । विशेषत नेपाल मिडिया परिषद विधेयक, आम संचार विधेयक, राष्ट्रिय सुरक्षा परिषद विधेयक र राष्ट्रिय मानवअधिकार आयोग ऐनमा प्रस्तावित संसोधनहरु मानवअधिकार विरोधी छन र यसले संवैधानिक र कार्यविधिगत सुरक्षा व्यवस्थाहरुको उचित कार्यान्वयमा असर पुऱ्याउँछ ।

एड्भोकेसी फोरमले लामो समयदेखि यातनाको अपराधिकरण गर्ने उचित कानून र यातनाको रोकथाम र पीडितहरुलाई उचित उपचार दिनका लागी निरन्तर वकालत गरिरहेको छ । वकालतको लामो समयपछि सरकारले मुलुकी अपराध ( संहिता) ऐन २०७४ मा यातनालाई अपरधिकरण गरेको छ । यातना सम्बन्धि व्यवस्थालाई अपराध संहितामा समावेश गरेकोमा एड्भोकेसी फोरम सरकारको यो कार्यलाई स्वागत गर्दछ ।

तर अपराध संहिताले यातनाका विविध पक्ष जस्तै यातनाको रोकथाम, अभियोजन र पीडितलाई उचित क्षतिपुर्तिको विषयमा प्रर्याप्त प्रावधानको व्यवस्था गर्न सकेको छैन । एउटा विशेष चिन्ताको विषय यातना क्षतिपूर्ती ऐन २०५४ ले एकलाख सम्मको क्षतिपूर्ती (जुन पीडितको खर्चको आधारमा आफैमा अप्रर्याप्त छ )को व्यवस्था गरेकोमा मुलुकी अपराध

संहिताले जम्मा ५ बर्ष सम्मको कैद सजाय र पचाँस हजार रुपैया सम्म जरिवाना र उचित क्षतिपूर्ति दिने प्रावधान गरेको छ । पीडितहरुलाई क्षतिपूर्ती दिने उचित कानुनी संयन्त्र पनि संहिताले निर्धारण गरेको छैन । साथै ६ महिनाको छोटो कानूनी हदम्यादले गर्दा पीडितहरु आफुमा शारिरीक र मानसिक हानी पुऱ्याउने यातनाको घटनाको उजुरी गर्न आउन सक्ने सम्भावना निकै कम हुन जान्छ ।

नेपालले यातना विरुद्धको महासंधि र अर्न्तराष्ट्रिय नागरिक र राजनैतिक अधिकार सम्वन्धि आलेख १९९१ मा अनुमोदन गरेको छ । तर अनुमोदनको २८ बर्ष पछि पनि दण्डहिनताका साथ यातना निरन्तर भैरहेको छ । नयाँ अपराध संहिताले यातना र दण्डहिनताको अन्त्य गर्नेछ भन्ने कुरामा एड्भोकेसी फोरम आशाबादी छ । तर अपराध संहिताका कमजोरीहरुलाई सम्बोधन गरी प्रभावकारी उपचारका साथै यातनाको रोकथाम गर्न एउटा छुट्टै यातना विरुद्धको विस्तृत ऐनको आवश्यकता छ भन्ने एड्भोकेसी फोरमको धारण हो ।

यातनाको रोकथामको लागी फौजदारी न्याय प्रणालीका सवै सरोकारवालाहरुको वास्तविक प्रयास चाहिन्छ । सवै सारोकारवालाहरुको समन्वयका लागी विगत १७ बर्ष देखि एड्भोकेसी फोरमले प्रहरी हिरासत तथा कारागार भ्रमणका आफ्ना अनुभवहरु आदान प्रदान गर्नका लागी सरोकारवालाहरुसंग परामर्श बैठकको आयोजना गर्दै आएको छ । यस्ता परामर्शहरुले सबै सरोकारवालाहरु हिरासतमा हुने यातनाका बारेमा सुसूचित भई त्यस्ता यातनाका कार्यहरुलाई रोकथाम गर्न समन्वय गर्नेछन भन्ने कुरामा एड्भोकेसी फोरम विश्वस्त छ ।

यातना पीडितहरुको सहयोगका लागी अर्न्तराष्ट्रिय दिवसको अवसरमा एड्भोकेसी फोरम यातना भोगेका पीडितहरुको साथ उभिने र उनीहरुको न्यायको खोजिमा साथ दिई नेपालमा यातनाको रोकथामको लागी निरन्तर वकालत गरिरहने पुन: प्रतिबद्धता गर्दछ ।

एड्भोकेसी फोरमले विगतमा गरेका सिफारिसहरुको कार्यान्वयनका लागी जोड दिदै निम्न लिखित सिफारिश गर्दछ ।

- कानूनी सहायता प्रदान गर्ने संघसंस्थाका कानून व्यवसायीहरुलाई थुनुवासमक्ष पहुँच दिनु पर्ने ।
- यातनाको रोकथाम, अभिलेखिकरण, अभियोजन र क्षतिपूर्तिका सवै पाटोहरुलाई समेट्ने गरि नेपालमा एउटा यातना विरुद्धको विस्तृत ऐन बनाउनका लागी सन् २०१४ मा संसदमा पेश गरिएको यातना विरुद्धको विधेयकमा एड्भोकेसी फोरमले आफ्ना प्रतिवेदनहरुमा गरेको सिफारिस बमोजिम र सरोकारवालाहरुसँग विस्तृत छलफल गरी संसोधन सहित पुन: पेश गर्नु पर्ने ।
- थुनुवाहरुको मानवअधिकारको सम्मान र यातनाको रोकथाम गर्न प्रहरीलाई updated operational manual ले सुसज्जित गर्नु पर्ने ।
- यातनाको पीडितहरुलाई तत्काल आर्थिक सहयोगको आवश्यक्ता पर्दछ । त्यसैले सर्वोच्च अदालतको आदेश बमोजिम यातना पीडितहरुको सहयोगका लागि तत्काल एउटा संचित कोष (Basket Fund) को स्थापना गर्नु पर्ने ।
- अधिक चापकोसमस्या समाधान गर्नको लागी हाल रहेका बालसुधार गृहको स्तरउन्नती र नयाँ बालसुधार गृहहरुको निर्माण गर्नु पर्ने ।
- Medico–legal प्रमाण व्यवसायिक ढंगले संकलन गर्न, प्रशासन र Medico–legal कागजातको गुणस्तर सुधार गर्नका लागी Medico–legal तालिम र अभिलेखिकरणलाई आधुनिकिकरण गर्नु पर्ने ।
- यातना रोकथामका लागि यातना विरुद्धको महासन्धिको ऐच्छिक आलेखको अनुमोदन गरी राष्ट्रिय रोकथाम संयन्त्रको स्थापना गर्नु पर्ने ।

एकिकृत हस्तक्षेप मार्फत यो जटिल विषयलाई समाधान गर्ने प्रयास गर्न सवै सरोकारवालाहरु एक हुन आवश्यक छ । सन् २०१८ मा ५ प्रतिशतले वृद्धि भएको यातनाको अवस्थालाई घटाएर सुन्य प्रतिशतमा पुऱ्याई यातनालाई नेपालबाट निर्मुल पार्न एड्भोकेसी फोरम निरन्तर लागि रहने छ ।

**Head Office:** LamingtanMarga, Baluwatar-4, House No: 843/23, Phone no:01- 4425561/4432309,
Post Box no: 21798, Fax no: 01- 4432309, Email: info@advocacyforum.org.np, advocacyforumnepal@gmail.com
URL: www.advocacyforum.org